Received Date: Oct. 2025 Revised: Nov. 2025 Accepted: Dec. 2025

# इतिहास अध्ययनको आवश्यकता

**प्रा.डा. बद्रीनारायण गौतम**
इतिहास केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर
bngautam2019@gmail.com
*Doi: https://doi.org/10.3126/hisan.v11i1.92784*

**सारसङ्क्षेप**

*पुस्तकालय अध्ययन, पुस्तक एवं जर्नलहरूको अध्ययन आदि विभिन्न माध्यमबाट जुटाइएका पाश्चात्य लेखकहरू समेतका धारणाहरूमा आधारित विषयवस्तुहरू विश्लेषण क्रममा नेपाली इतिहासविद्हरूसँगका अन्तर्वार्ताबाट प्राप्त जानकारी समेटेर तयार पारिएको प्रस्तुत आलेखमा इतिहास अध्ययनको आवश्यकता प्रस्ट्याइएको छ । गुणात्मक ढाँचाको व्याख्यात्मक तरिकाबाट विश्लेषण गरिएको प्रस्तुत अध्ययनले ऐतिहासिक चेतना निर्माणमा इतिहास अध्ययनको भूमिका के कस्तो रहन्छ भन्ने कुरालाई केन्द्रमा राखेको छ । आधुनिक नेपालमा इतिहास अध्ययन केवल शैक्षिक विषय मात्र नभएर राष्ट्रिय पहिचान, सांस्कृतिक निरन्तरता, समसामयिक राजनीतिक र सामाजिक चेतना निर्माणका लागि अनिवार्य उपकरण हो भन्ने यथार्थ उजागर गरिएको छ । पाश्चात्य शिक्षा प्रणालीको अनुकरण गरिँदा रैथाने ज्ञान, सीप, प्रविधिमा आधारित विषयवस्तुहरू उपेक्षित भएपछि इतिहास अध्ययन ओझेलमा पर्नाले देश पराधिनताको मार्गमा बढेको यथार्थ प्रष्ट्याउनु नै यस अनुसन्धानको मूल सन्दर्भ हो । नेपाली समाजमा इतिहास अध्ययनप्रतिको उपेक्षा, राष्ट्रिय चिन्तन, निर्णय प्रक्रिया आदिमा ऐतिहासिक चेतनाको अभाव र औपचारिक शिक्षामा इतिहासको स्थानमाथि पुनर्विचार गर्न आवश्यक छ । इतिहास अध्ययनले अतित बुझ्न मद्दत गर्ने मात्र नभएर वर्तमान सामाजिक संरचना, मूल्य प्रणाली र भविष्यको मार्गचित्र निर्माणमा समेत महत्त्वपूर्ण भूमिका खेल्दछ भन्ने यस अनुसन्धानको निष्कर्ष हो । त्यसैले नेपालमा इतिहास अध्ययनलाई ज्ञानको मूल आधारका रूपमा पुनर्स्थापना गर्नु पर्दछ ।*

***शब्दकुञ्जी :*** इतिहास अध्ययन, पाश्चात्य श्रोतहरू, आत्मनिर्भरता, नागरिक गुण, राष्ट्रवादी नागरिक ।

## परिचय

मानव जीवनका प्रत्येक पाटाहरूलाई सन्तुलनमा राख्न महत्त्वपूर्ण मानिएका भूत, वर्तमान र भविष्य जस्ता तीन पक्षमध्ये भूतकालको साक्षी मानिएको इतिहास मानव समाजको विकास, परिवर्तन, प्रगति, विनास आदिको कथा बुझ्न सहयोग पुऱ्याउने शास्त्र हो । मानव समाजमा घटेका महत्त्वपूर्ण घटनाहरू, परिवर्तित परिस्थितिहरू, शासन प्रणाली, सामाजिक संरचना, जनअसन्तुष्टताबाट उत्पन्न परिवेश, शासक वर्गको खेलखण्ड, सांस्कृतिक गतिविधिहरू एवं वैज्ञानिक प्राविधिक विकासहरूको अध्ययन आदि बारे यथार्थबोध गराउने गहिरो अनुसन्धानात्मक विधा नै इतिहास हो (मुरे, सन् १९७०) । केवल विगतका घटनाहरूको विवरण वा वर्णन मात्र नभएर समाज, राष्ट्र एवं मानव सभ्यताको निर्माणको आधार प्रमाणित भएको इतिहास मानव चेतना र समाज विकासको दार्शनिक अध्ययन पनि हो । मानव सभ्यता थालनीदेखि नै समाजको स्मृति र चेतनाको प्रगति बिम्ब समाहित गरेको इतिहास, मानवीय चेतनाको विकास यात्रा हो (लेमन, सन् २००३) । विगतलाई वर्तमानसँग जोडेर भविष्यका लागि दिशानिर्देश प्रदान गर्ने महत्त्वपूर्ण विधा प्रमाणित भइसकेको

इतिहासले मानव जगत्ले प्राप्त गरेको स्थानसम्म आइपुग्दा पार गर्नु परेका अवस्था, स्थिति एवं टेकेका पाइलाहरूको स्पष्ट छवि बोध गराउने भएकाले अध्ययन अपरिहार्य भइसकेको छ ।

तथ्यहरूको सङ्कलन, प्रमाणहरूको विश्लेषण एवं सम्भावित आवश्यकीय व्याख्या जस्ता तीनवटा मूल तत्वहरूमा आधारित इतिहास चराचर जगत्को विकास गाथा नै हो । मानव जगत्को थालनी, रूपान्तरण, विकासका विविध आयामहरूको ज्ञान दिएर विगतमा भएका घटनाहरूका माध्यमबाट मार्ग निर्धारण क्षमता विकास गराउन महत्त्वपूर्ण सहयोग पुऱ्याउने इतिहास उन्नती, प्रगतिको साक्षी पनि हो (कृष्णबहादुर थापा, अन्तर्वार्ता, २०८१ साउन ८) । एक जटिल गतिशील एवं विस्तृत प्राज्ञिक अनुशासन मानिएको इतिहास मनुष्य नै अध्ययनकर्ता भएको मनुष्यको अध्ययन हो (चौवे, सन् २०१७) । इतिहास अध्ययन विश्लेषणका लागि आवश्यक पर्ने स्रोत साधनदेखि दस्तावेजसम्मका मूल सामग्रीहरू सबै मानिसहरूद्वारा संचय गरिएको सम्पति भएकाले इतिहासकारहरूले प्राप्त स्रोत सामग्रीहरूको अप्रयाप्तता बाहेक समसामयिक परिस्थितिहरू उपेक्षा गर्न सक्दैन । प्राप्त तथ्यहरूका बिच निरन्तर संवाद-अन्तर्क्रिया गराएर यथार्थ प्रकाश पार्ने इतिहासकारहरूले विगतका घटनाक्रमहरूको भित्री तहमा प्रवेश गरी क्रियाकलापहरूको परिवेश विश्लेषण गरेर मानवीय मन चाहना बुझ्ने-लेख्ने गर्दछन् (नौटियाल, सन् २०२३) । यसरी मानवीय विगतका घटनाहरूको वैज्ञानिक, प्रामाणिक एवं क्रमबद्ध अध्ययन गराउँदै मानव जीवन, समाज, राष्ट्र र सभ्यताको विकासक्रम परिवर्तन, सङ्घर्ष, उपलब्धि र अनुभवहरूको लेखाजोखा प्रस्ट्याउने प्राज्ञिक अनुशासन भएकाले इतिहासको अध्ययन अत्यावश्यक छ ।

विस्तृत क्षेत्र ओगटेको विषय वा शास्त्रको पहिचान कायम गरेको इतिहास जिज्ञासा एवं रुचिलाई तृप्त गर्ने ज्ञानको सागर हो । यसको माध्यमबाट धर्म, राजनीति, समाज, अर्थ, विज्ञान, रूपान्तरण एवं परिवर्तन जस्ता मानव समाजका विविध पक्षहरूको विषयमा उचित दृष्टिको निर्माण हुन्छ (सिंह, सन् २००५) । मानव मात्रले गरे भोगेका क्रियाकलापदेखि सामना गर्नु परेका समस्या समाधानमा प्रमुख भूमिका खेल्ने इतिहास बोध नगर्दासम्म कुनै पनि ज्ञान परिपूर्ण हुँदैन । समाजलाई भविष्यको उचित मार्ग दर्शन गर्न सक्ने सच्चा शिक्षकको स्थान पाएको इतिहासको अध्ययनले नै कुनै पनि जाति, राष्ट्र, समाजलाई सजीव, उन्नतशील र गतिशील बनाइराख्ने आधार प्रदान गर्दछ (चतुर्वेदी, सन् २०२२) । मानिसलाई क्रमिक परिवर्तन, विकास, रूपान्तरणको ज्ञान दिएर आफू र अर्को बिचको भिन्नता थाहा पाउन सक्ने बनाउने इतिहास पाठ सिकाएर कर्मशील मानव बनाउने शास्त्र हो । राजा महाराजादेखि जनसाधारणसम्मको जानकारी दिने इतिहासले मानव सभ्यता थालनीदेखिकै जीवनशैली, संस्कृति, राजनीति, शासन व्यवस्था, भवन निर्माणका चरणहरू, सम्पदा, सफलता, असफलताका कथाहरू आदिका बारेमा ज्ञान प्रदान गर्दछ (थोर्प, सन् २०१६) । संसारको उत्पत्ति विकासक्रम लगायतका सर्वपक्षीय जानकारी गराउने इतिहासले तर्क एवं प्रमाणिकता बोध गराई मानवीय चिन्तनलाई बलियो पारेर विगत वर्तमान जान्ने बुझ्ने कार्यमा मार्ग दर्शन गरी मानिस र समाजको व्यवहार बुझ्न सहयोग पुऱ्याउने भएकाले अध्ययन नगरी नहुने विषय हो ।

वर्तमान संसारमा राजनैतिक इतिहास, आर्थिक इतिहास, पर्यावरणीय इतिहास, प्रशासनिक इतिहास, सामरिक इतिहास, सैनिक इतिहास, कृषि एवं वनस्पतिको इतिहास, सामाजिक इतिहास, व्यवस्थापन इतिहास, वैज्ञानिक उन्नती परिवर्तनको इतिहास, पर्यटनको इतिहास, जनजाति, आदिवाशीको इतिहास आदि आदिमा विभक्त गरेर बहुविधाको विषय प्रमाणित गर्न खोजिएको भए तापनि इतिहासको थालनी पृथ्वीमा मानवको उत्पत्ति भएदेखि नै भएको हो । मानवीय विचार एवं कार्यहरूलाई सर्वप्रथम क्रमबद्धता दिने हेरोडोटस नै

सर्वप्रथम हिष्ट्रि शब्द प्रयोग गर्ने लेखक हुन् । मानवीय कार्य अर्थात् ऐतिहासिक घटनाहरूलाई विश्लेषण गर्दा वैज्ञानिक पद्धति प्रयोग गर्ने हेरोडोटसले एथेन्स-स्पार्टा जस्तो ग्रिकहरूको स्वतन्त्र र सानो शहर-राज्यहरूको स्वतन्त्रताको भावना र पर्सियन साम्राज्यको अधिनायकवादी विस्तार बिचको सङ्घर्ष प्रस्ट्याएका छन् । इतिहास लेख्दा केवल घटना मात्र नभएर पात्रहरूको बोली, संस्कार, देवी देवता, भविष्यवाणी, मानव स्वभाव आदिलाई स्थान दिएका यिनले पर्सियनहरूको शक्तिशाली साम्राज्य भए तापनि ग्रिकहरूको बौद्धिक क्षमता र स्वतन्त्रताको भावनालाई प्रशंसा योग्य ठहऱ्याएका छन् । ग्रिकहरूको बलिदान, रणनीति, भौगोलिक उपयोग, एकताको भावनाले नै विजयी बनाएको सिद्ध गरेका हेरोडोटसले स्वतन्त्रता राजनीतिक मात्र होइन सांस्कृतिक र नैतिक मूल्य हो, एकता, साहस र दुरदृष्टिसहित उत्रिएमा साना राष्ट्रहरू पनि शक्तिशाली साम्राज्यहरूसँग लड्न सक्दछन् आदि महत्त्वपूर्ण सन्देश प्रवाहित गरेर इतिहासलाई कथात्मक, रोचक र शिक्षाप्रद बनाएका हुन् (हेरोडोटस, सन् २००३) । आफ्नो वर्णनात्मक कार्यलाई इतिहासको नाम दिएका यिनले मानवीय गतिशीलतालाई कर्म मान्दै विश्लेषण गर्दा युद्ध विवरणको मर्मस्पर्सी निचोड दिएका छन् । शान्तिमा पुत्रले आफ्ना पिताको अन्तिम संस्कारको अवसर पाउँदछन् भने युद्धमा पुत्रको अन्तिम संस्कार गर्न पनि पिता बाध्य हुन सक्दछन्, मनुष्यको भाग्य उसको कर्म र आत्मामा निहित हुन्छ आदि कालजयी सन्देशद्वारा परिवर्तन-युद्ध पछाडिको दर्द-बलिदान वा क्षति प्रस्ट पार्न खोजेका यिनी घटना केन्द्रित पहिलो लेखक मानिन्छन् (तुलसीराम वैद्य, अन्तर्वार्ता, २०७६, भाद्र १७) । यिनको कार्य विश्लेषणलाई समर्थन आलोचना गर्न उत्रिएका अन्य लेखकहरूको प्रयासले गर्दा समयक्रमसँगै परिवर्तन र विकासको मार्ग अवलम्बन गर्दै बढेको इतिहासलाई अर्थ्याउने प्रवृत्तिले गर्दा नै यो विषय बहुविधाको शास्त्र बनेको हो । मानव मात्रलाई समयक्रमसँगै परिवर्तन रूपान्तरण हुँदै गएको दृष्टिकोणदेखि बहुविधाको जानकारी दिएर परिवर्तित समय अनुरूप क्रियाशील हुन सक्षम बनाउने ज्ञान र चेतना प्रदान गर्ने भएकाले अत्यावश्यक विषय बनेको हो ।

अतितका घटनाहरूको अभिलेख मात्र नभएर वर्तमानलाई राम्रोसँग बोध गरी भविष्यको मार्ग दिशा निर्धारण गर्न सघाउने महत्त्वपूर्ण विषयको संज्ञा पाएको इतिहास आत्मज्ञानको साधन पनि हो । मानवीय सभ्यताको अतितको अधिकांश भागलाई पुनः बोलाउन नसकिने यथार्थ आत्मसात गर्न नमान्ने सर्वगुण सम्पन्न एवं सर्वसाधन सम्पन्नको श्रेणीमा आउनेहरूले पनि आफ्नो विगतलाई पुनः बोलाउन वा दोहोऱ्याउन सक्दैनन् ( माथुर एवं त्रिपाठी, सन् २०१७) । अर्कातिर मानव जीवन जगत्मा आउने व्यक्ति एवं विचारहरू, शब्द एवं स्थानहरू आदिमा विविध घटना कार्य हुने भए तापनि कुनै प्रभाव छाड्न नसकेकाले भुल्ने अवस्था पनि हुन सक्दछ । यस्ता घटनाका अवशेष वा दुरगामी असरको सुसुप्त स्थितिका आधारमा मानिसलाई तहसम्म पुग्ने मार्ग दर्शन गर्ने इतिहासले विगतका मानवीय क्रियाकलापका त्रुटि पत्ता लगाई हामी केही गर्न सक्दछौँ भन्ने बोध गराउँदै विगत खोज्न सक्षम बनाउँदछ । जसले गर्दा मानव मात्रले अध्ययन गर्नै पर्ने सामाजिक विज्ञान पनि मानिएको छ ।

वर्तमान अवस्थामा समय अवधिमा हुने सुव्यवस्थित सामाजिक परिवर्तन, आर्थिक विकास रूपान्तरण, राजनीतिक-रणनीतिक परिवर्तन आदि समग्र मानवीय क्रियाकलाप आदिको अध्ययन गर्ने विषय वा शास्त्रको मान्यता दिन थालिएको इतिहासलाई विज्ञान-कलाको संज्ञा दिइएको छ (जैसवाल, सन् २०१८; सिंह, सन् २०१७) । आफ्ना नागरिकहरूलाई विगतको तथ्यपरक ज्ञान दिएर वर्तमान बुझि क्रियाशील हुने र भविष्य आँकलन गर्ने क्षमता विकास गराउने इतिहास महत्त्वपूर्ण समाज विज्ञानको विषय भएकाले विद्यालय तहदेखि विश्वविद्यालय तहसम्म नै अनिवार्य विषय बनाएर अध्ययन गर्ने व्यवस्था गर्नु पर्दछ । आफ्नो इतिहास नजान्ने

मानिसले आफू र आफ्नो देशलाई चिन्न र महत्त्व बोध गर्न नसक्ने यथार्थ नबुझेकाहरू नै राज्य संयन्त्रका महत्त्वपूर्ण पदहरूदेखि नीति निर्मातासम्मको जिम्मेवारीमा पुगेकाले राज्यद्वारा इतिहास अध्ययन अध्यापनप्रति उपेक्षा गर्ने अवस्था आएको छ । जसले गर्दा हाम्रो देशको उच्च शिक्षा विज्ञ, राजनेता, कुटनीतिज्ञ, योजनाविद्, सुरक्षा विज्ञ, नीति निर्माता, वास्तुविद्, सम्पदाविद् आदि पदहरूमा इतिहासको ज्ञानसम्म नभएकाहरू नियुक्त हुने भएकाले सबैतिर महत्त्वपूर्ण-यथार्थपरक प्रतिनिधित्व नभई समस्या सिर्जना हुने स्थिति देखिँदैछ । आम नागरिकहरूमा राष्ट्रिय आवश्यकता अनुरूपको भूमिका निर्वाह गर्ने क्षमता जगाउँदै राष्ट्र राष्ट्रियता सबल पार्ने मार्ग प्रशस्त गर्ने अनिवार्य विषय सिद्ध भएको इतिहासको महत्त्व उजागर गर्न यस आलेखलाई इतिहासको सङ्क्षिप्त परिभाषासँगै आवश्यकता बारे विश्लेषण तर्फ केन्द्रित गरिएको छ ।

## अध्ययन विधि तथा सामग्रीहरू

वर्णनात्मक अनुसन्धान ढाँचा भित्र गुणात्मक अनुसन्धान रणनीतिहरू प्रयोग गरेको प्रस्तुत अनुसन्धानमा इतिहास अध्ययनको आवश्यकता बारे विस्तृत ऐतिहासिक विश्लेषण गरिएको छ । समाज विज्ञानको पहिलो विषय भएर सामाजिक शास्त्रदेखि समाज विज्ञानसम्मका विभिन्न विषय जन्माएको इतिहासले जननी विषयको संज्ञा पाएको हो । विकसित मुलुकहरूले सर्वोत्कृष्ट विषयको स्थान दिई इतिहासलाई विद्यालय तहदेखि अनुसन्धान तहसम्मै पढ्नै पर्ने बनाएको धरातलीय यथार्थमा आधारित स्रोत सामग्रीहरूबाट प्राप्त जानकारीका आधारमा विश्लेषण गरिएको छ । नेपालका महाविद्यालयहरूमा लामो समयसम्म इतिहासको अध्यापन-अनुसन्धान गरिसकेका केही प्रबुद्ध प्राध्यापकहरूसँग अन्तर्वार्ता, कुराकानी गरेर जुटाइएका तथ्यहरूको सत्यता परीक्षण गरी प्राथमिक ठहऱ्याएर मात्र अध्ययन विश्लेषणमा स्थान दिइएको प्रस्तुत अध्ययनमा इतिहासको औचित्य, भूमिका समाजमा त्यसको योगदान आदिलाई केन्द्रमा राखिएका पुस्तक अनुसन्धानात्मक लेख, ऐतिहासिक विश्लेषण आदि द्वितीयक स्रोतहरूको प्रयोग गरिएको छ । शिक्षा प्रणालीमा इतिहासको भूमिका एवं राष्ट्रिय पहिचान निर्माणमा इतिहासको उपयोग बारे खोजमूलक प्रस्तुति रहेका सामग्रीहरूलाई बढी प्राथमिकता दिई विश्लेषणात्मक वर्णनात्मक स्वरूप दिने काम भएको हो । राष्ट्रवादी सिद्धान्तको धरातल अनुरूप तयार पारिएको प्रस्तुत अध्ययनमा बहुआयामिक दृष्टिकोण दिने लक्ष्य पनि रहेको छ । नागरिकहरूलाई विगतको ज्ञानद्वारा भविष्यको मार्ग तय गर्न सक्षम बनाउँदै आलोचनात्मक सोच दिने इतिहासको अध्ययन भविष्य निर्माणको आधार पनि हो भन्ने निष्कर्षमा पुगिएको छ ।

## इतिहासको अर्थ र परिभाषा

सबै जसो लेखक एवं विश्लेषकहरूले विगतमा भए घटेका घटनाहरूको विवरण अर्थात् विगतमा घटिसकेका तथ्य भन्दै अर्थ लगाएको इतिहास विगतका मानवीय क्रियाकलाप एवं सामाजिक सम्बन्धहरू बोध गर्ने कोसिस मानिएको छ । इतिहासकारहरूबाट विगतका घटनाक्रमहरूको गहन अध्ययन गरेर मानवीय मस्तिष्क बोध गर्नु इतिहास हो भनी अर्थ्याइएको पनि छ । इतिहासलाई विभिन्न घटनाहरूको सङ्कलन मात्र हो भन्नेहरूसँगै इतिहास स्वयं नै एक घटना हो भन्नेहरूद्वारा घटनाहरूको अभावमा इतिहास लेख्ने प्रयत्न गरिन्छ भने त्यो पूर्ण रूपले असम्भव हुने निष्कर्ष दिइएको छ । मानवीय विचार एवं कार्यहरूलाई विश्लेषणात्मक एवं सिलसिलेवार रूपमा लेख्ने हेरोडोटस सर्वप्रथम हिष्ट्री शब्द प्रयोग गरी मानिसका क्रियाकलापको यथार्थ विवरण पस्कने व्यक्ति हुन् । युनानका नगर राज्यहरू बिचको युद्ध विश्लेषण गरी पुस्तक लेखेका यिनले युद्ध र शान्तिको निचोड प्रस्ट पारेका छन् (तुलसीराम वैद्य, अन्तर्वार्ता, २०७६ भाद्र १७) ।

वैज्ञानिक पद्धतिको प्रयोग गरेर विश्लेषणात्मक इतिहास तयार पारेका हेरोडोटसले मानवका कार्यहरूलाई स्मरणमा राख्ने साधन, विगतका घटनाहरूको अनुसन्धानात्मक प्रस्तुति, मानवीय विगतलाई उचित महत्त्व दिने प्रयास भन्दै इतिहास खोज अनुसन्धानद्वारा अतितका महत्त्वपूर्ण घटनाहरूको स्मरण-संरक्षण गर्ने प्रक्रिया भएको प्रस्ट्याएका छन् (हेरोडोटस, सन् २००३) । यही कार्यले गर्दा इतिहासका पिताको उपाधि पाएका हेरोडोटसको कार्यलाई यथार्थपरक विश्लेषण मानेर सामाजिक सम्बन्ध एवं रूपान्तरणको अन्तरवस्तु खोज्ने क्रम बढेकाले नै इतिहास मानव जाति, समाज, राष्ट्र आदिलाई जीवन्त राख्न अध्ययन नगरी नहुने विषय बनेको हो ।

समयको क्रमसँगै इतिहासलाई हेर्ने दृष्टिकोण फेरिँदै र खारिँदै गएकाले सार्वजनिक घटनाहरूको विवरण समाहित वैयक्तिक जीवनसँग सम्बन्धित घटनाहरूको उल्लेख नहुने शास्त्र, वर्णित घटनाहरूमा क्रमबद्धता हुने विषय र इतिहासकारले वैज्ञानिकहरूले झैँ जस्ताको तस्तै पूर्ण रूपले घटना प्रस्तुत गर्नै पर्ने विधाका रूपमा स्वीकार गर्ने अवस्था बनेको छ । इतिहास केबल तथ्यहरूको सङ्ग्रह मात्र होइन सामाजिक, सांस्कृतिक र राजनीतिक शक्तिहरूले निर्माण गरेको कथा हो भन्ने प्रोफेसर घाटेले मानव जातिको विगतको वैज्ञानिक लेखाजोखा ठहऱ्याएका छन् (घाटे, सन् २०२१) । इतिहास लेखनलाई एक प्रकारको संवाद मानेका यिनले इतिहासकारद्वारा पहिलाका घटना एवं विषयवस्तु पुनः व्याख्या गरेर इतिहास स्थिर होइन बरु निरन्तर पुनः लेखिँदै जाने प्रक्रिया हो भन्ने प्रस्ट पारेको भनेका छन् । मानव जगत्मा घट्ने प्रत्येक घटनाको बारेमा उठ्ने सबै प्रश्नहरूको जानकारी एवं उत्तर प्रदान गर्ने विषयका रूपमा स्वीकार गर्नेहरूले जुन कुनै अवधिमा घटेका प्रत्येक घटनाको विस्तृत रूप इतिहास भएको ठहऱ्याएर मानव जीवन जगत्को वर्णन मात्र त्यसको मान्यता भएको किटान गर्दछन् (जोनसन, सन् १९२१; फर्थ, सन् २०१३) । मानिसलाई दैनिक जीवनमा उपयोगी हुने ज्ञान सिप इतिहासले प्रदान गर्ने ठहर गरेका यिनीहरूले त्यसबाट आलोचनात्मक सोच, सामाजिक चेतना र राष्ट्रिय पहिचान निर्माणमा सहयोग पुगि सबल नागरिक बन्न सक्नेमा जोड दिएका छन् ।

इतिहास केबल घटना सङ्ग्रह मात्र होइन घटनाक्रमहरूलाई कारण, प्रक्रिया र परिणामहरू विश्लेषण गरी यथार्थ प्रस्फुटन गर्ने तथ्यमा आधारित विधा मान्नेहरूले पनि त्यसै अनुरूप परिभाषित गरेका छन् । मध्य युगिन समाजको सामाजिक हिंसा एवं अस्थिरताको प्रतिक्रिया स्वरूप औपचारिकता एवं प्रेमिलता विकसित भएको मान्ने एक प्रसिद्ध डच इतिहासकार एवं सांस्कृतिक चिन्तकले घटना विवरण मात्र हो भन्नै नमिल्ने ठहऱ्याएका हुन् । इतिहासलाई सभ्यताको आत्मपरीक्षण ठानेका यिनले कुनै सभ्यताले आफ्नै विगतप्रति उत्तरदायित्व प्रकट गर्ने आधार वा बौद्धिक स्वरूप इतिहास मात्र भएकोमा जोड दिएका छन् (हुइङ्गा, सन् १९९६) । कुनै राष्ट्र, जाति वा संस्थासँग सम्बन्धित विगतका घटनाहरूको निरन्तर एवं पद्धतिगत अभिलेख नै इतिहास भएको प्रस्ट्याउने अर्का लेखकले स्रोत सामग्रीहरूको आलोचनात्मक परीक्षणमा आधारित भएर कारणसहित घटनाहरूको व्याख्या समेत गर्ने शास्त्र भनेका थिए (रेपसन, सन् १९२२) । घटना विश्लेषण वा सङ्कलन मात्र नभएर घटनाको थालनी सम्बन्धी प्रश्नको उत्तर खोजी त्यसैबाट ज्ञान उत्पादन गर्ने विधा भएको स्पष्ट गर्ने उल्लेखित परिभाषाका जनकहरूले इतिहास प्राप्त प्रमाणको विश्लेषण एवं आलोचना गर्दै विगतलाई वैज्ञानिक ढङ्गले बुझ्ने प्रक्रिया भनेका छन् ।

पूर्ण रूपमा वैज्ञानिक भविष्यवाणी गर्न नसकिने विषय इतिहास मान्ने इतिहासकारले व्याख्यात्मक अध्ययनको रूपमा हेरेर आफ्नो आलोचनात्मक दृष्टिकोण प्रस्ट पारेका छन् । धेरै जटिल स्वरूपका ऐतिहासिक घटनाहरूलाई निश्चित नियम वा अपरिवर्तनिय ऐतिहासिक प्रक्रियाले बाँध्न नसकिने विषय भनेका यिनले

मानव इतिहासको प्रवाह मानव ज्ञानको विकासद्वारा निकै प्रभावित हुन्छ भनेका छन् । वैज्ञानिक वा तर्कसङ्गत तरिकाले मानव ज्ञान भविष्यमा कतिसम्म वृद्धि हुनेछ भन्ने भविष्यवाणी गर्नै नसकिने भएकाले हामीले भविष्यको इतिहास पनि पूर्वानुमान गर्नै सक्दैनौं भन्दै याद गर्ने विषय वा शास्त्रको संज्ञा दिएका छन् (पपर, सन् १९५७) । इतिहासलाई कुनै निश्चित ढाँचामा बग्ने प्रक्रिया नमान्ने यिनले ज्ञान, निर्णय र घटनाहरूको जटिल अन्तर्क्रियाले निर्माण भएको प्रवाह हो भनेका छन् ।

विगतका घटनाहरूको गहन अध्ययन गरेर मानवीय मस्तिष्क बोध गर्नुदेखि सार्वजनिक घटनाहरूको विवरण, घटनाहरूको क्रमबद्धतासँगै वैज्ञानिकले झैं जस्ताको तस्तै घटना प्रस्तुत गरिएको विधा नै इतिहास भएकोसम्मका धारणागत अर्थ पनि लगाइएको छ । वर्तमानको सापेक्षतामा वितिसकेका घटनाहरूको अध्ययन नै इतिहास हो भन्नेहरूले विगतका घटनाहरूको सिलसिलेवार तिथिगत विवरण नै ठहऱ्याएका छन् । इतिहासलाई तथ्यको यथार्थ अनुसन्धान भन्दै भएको घटनाका स्रोतहरूको गहिरो विश्लेषणद्वारा निष्कर्ष निकालिने भएकाले वास्तविक विगतलाई मेहनती अनुसन्धानले प्रस्ट पार्नेमा जोड दिई यथार्थ घटनाको वैज्ञानिक र प्रमाणमा आधारित अध्ययन मानेका छन् (इल्टन, सन् २००२) । तथ्य एवं इतिहासकारका बिचको एक अन्तर्क्रिया नै इतिहास हो भन्ने अर्का चिन्तकले प्रत्येक इतिहास विचारको इतिहास भएको ठहऱ्याउँदै इतिहासकारको मनमा त्यस्ता विचारहरूको पुनर्निर्माण हुने भएकाले इतिहास अन्तर्गत त्यसको अध्ययन गर्ने प्रस्ट पारेका छन् (कार, सन् १९९०) । विगतका नाङ्गा तथ्यहरू मात्र इतिहास नभएको भनेका यिनले तथ्यहरू आफै नबोल्ने यथार्थ बोध गराउँदै इतिहासकारले तिनको छनोट व्याख्या गर्ने र अर्थ दिने भएकाले भूत एवं भविष्यको बिचको एक अनवरत परिसंवाद नै इतिहास हो भनेका छन् । मानव जातिको विगतको वैज्ञानिक लेखाजोखा नै इतिहास हो भन्ने दार्शनिकसँगै इतिहास एक विज्ञान भएको ठहऱ्याउने र सम्पूर्ण इतिहास नै विचारधाराहरूको इतिहास मान्नेहरू पनि छन् (जोनसन, सन् १९२१; व्युरी, सन् १९०३; कलिंगवुड, सन् १९४६) । उल्लेखित लेखक दार्शनिकहरूका अलावा अन्य धेरै लेखक, इतिहासकारहरूले पनि इतिहासलाई आफ्ना किसिमले परिभाषित गर्ने काम गरेका छन् । जसमा सबै जसोबाट विगतको अध्ययन गर्ने शास्त्र माने तापनि स्वरूप एवं प्रक्रिया बारे आफ्ना धारणा राखेको पाइन्छ ।

समग्रमा इतिहास घटनाहरूको वर्णन मात्र नभएर घटनाहरूको विश्लेषण, समझ र मानव सोचलाई परिभाषित गर्ने क्षमतायुक्त शास्त्र भन्नु पर्दछ । विगतका घटनालाई यथार्थ र तथ्य प्रमाणका आधारमा इतिहासकारले विश्लेषण एवं व्याख्या गर्दै विगत र वर्तमानको अन्तर्क्रियाद्वारा निर्माण गरेको इतिहास मानव समाज, सामाजिक-सांस्कृतिक विकास, राजनीतिक परिवर्तन, वैज्ञानिक उन्नती-अवनती आदिलाई समेट्ने एक महत्त्वपूर्ण विधा हो ।

## अध्ययनको आवश्यकता

विगत-वर्तमानमा निरन्तरता बनाइराख्ने प्रभावशाली माध्यम मानिएको इतिहास मानव समाजका धर्म, समाज, राजनीति, अर्थ, विज्ञान आदि विविध पक्षहरूको विषयमा सर्वपक्षीय यथार्थ ज्ञान दृष्टि निर्माणमा सघाउ पुऱ्याउने विषय हो । मानव जगत्कै सच्चा गुरु वा शिक्षक मानिएको इतिहासले मानव सभ्यताका विभिन्न कालखण्डहरूको ज्ञान दिएर सभ्यता विकास, रूपान्तरणको यथार्थ बोध गराउने भएकाले यसको अध्ययन नगर्दा आफैलाई चिन्न सकिँदैन । इतिहास बोध नगरेको मानिसले प्रगतिको यथार्थ बोध गर्न नसक्ने यथार्थसँगै हासिल गरेको ज्ञान पनि परिपूर्ण नहुने भएकाले इतिहास एउटा विषय मात्र नभएर अस्तित्वको बोध

नै मानिएको हो (सिंह, सन् २००५) । वर्तमानमा बाँचिरहेका मानिसहरूले भविष्यका लागि योजना बनाउने र त्यसकै बारेमा चिन्ता गर्ने अवस्थामा इतिहासले विगतका घटना स्थितिबाट पाठ सिकेर तथ्यपूर्ण योजना निर्माणमा मार्ग दर्शन गर्दछ । अनुभव र सन्देशको पुल मार्फत विगत र वर्तमानलाई जोड्ने क्रममा विगतका घटना, निर्णय एवं सामाजिक परिवर्तनहरूलाई अध्ययन गर्ने इतिहासले ती घटनाहरूबाट के सफल भयो र के असफल भयो भन्ने बोध गराउँछ (स्टर्न्स, सन् २०१०) । विगतका गल्तिहरू दोहोरिन नदिन र सफल अभ्यासहरूलाई सुधार्दै अघि बढ्न दिशा प्रदान गर्ने इतिहासको अध्ययनबाट हामीले वर्तमानमा सामना गरिरहेका समस्या र अवसरहरूलाई विगतका अनुभवबाट तुलना गर्न र सिक्न सक्दछौँ । संस्कार, मूल्य, राष्ट्रियता, पहिचान आदिलाई निरन्तरता दिएर ज्ञानका सबै इच्छित एवं उपलब्ध शाखाहरू बोध गराई वर्तमानमा बाँच्न र भविष्यको अनुमान लगाएर पहिचान कायम गर्न सघाउने भएकाले अत्यावश्यक विषय भएको हो । समग्रमा वर्तमान समाजको आधार तयार पार्ने विषय भएकाले इतिहास मानव जगत्कै महत्त्वपूर्ण विधा हो ।

मानव प्रकृतिका विभिन्न आयाम एवं पक्षहरू बारे अवगत गराएर मानव संसारलाई चिन्ने बुझ्ने क्षमताको विकास गराउने इतिहासले इतिहासको जानकारी नभएकाहरूलाई पनि मानव संसार जान्न सघाउने भएकाले मानव मात्रको एक सच्चा शिक्षक नै मानिन्छ । मानिसले विगतमा गरेका काम, सङ्घर्ष, निर्णय, विजय, पराजय आदिलाई सङ्ग्रह-विश्लेषण गरेर मानिसले त्यसबाट के पाए, के पाठ सिके, के कति गुमाए भन्ने बुझाउने इतिहास मानिसलाई पुराना अनुभवहरूबाट सिक्न सघाउने विषय भएकाले अनुभव र सिकाइको सङ्ग्रह नै भएको छ (राजाराम सुवेदी, अन्तर्वार्ता, २०८१ भदौ २७) । मानव प्रकृतिका विविध आयाम एवं पक्षहरूसँग साक्षात्कार गराउने इतिहासको अध्ययनबाट सभ्यताहरूको चरणबद्ध एवं क्रमिक विकासको ज्ञान प्राप्त हुने भएकाले कुनै पनि जाति-राष्ट्रलाई सजिव, उन्नतिशील तथा गतिशील बनिरहन अध्ययन अपरिहार्य भएको हो । समयक्रमसँगै समाजहरूको निर्माण-सङ्गठन कसरी भयो ? कसरी विविध परिवर्तन सम्भव भए ? विधि परम्परा, शासन व्यवस्था, संस्कृति, मूल्य मान्यता, आदर्श आदिको उत्पत्ति कसरी भयो ? आदि प्रश्नहरूको सटिक सारगर्भित जवाफ प्राप्त गर्ने बाटो देखाउने इतिहासले मानव सभ्यता हाल जुन अवस्था वा स्थानमा छ त्यहाँसम्म पुग्न तय गरेका यात्रा, भोगाई आदि बोध गराउँछ (चाङ, सन् २००२) । मानव मात्रमा जातीय, सांस्कृतिक र राष्ट्रिय पहिचान निर्माण गर्ने इतिहासले मानिस एवम् समाजलाई आफ्नो अस्तित्व र गौरव बोध गराउँदै पहिचान एवं स्वाभिमान प्रदान गर्दछ (अहल्स्कोग, सन् २०१८) । प्रायः विगतसँग जोडिएका हालका सामाजिक, आर्थिक, राजनीतिक समस्याहरूको जड नै देखाएर समाधानका उपाय वा सम्भावना औंल्याउने इतिहासले सही गलतका उदाहरण प्रस्तुत गरी विवेकशील निर्णय गर्न मद्दत पनि गर्दछ । मानिसलाई भविष्यमा विगतको गल्ती पुनः नदोहोऱ्याउने चेतना प्रदान गर्ने भएकाले इतिहासको अध्ययनबाट विभिन्न समाज, संस्कृति, देश, जाति, समुदाय आदिको बिचका सम्बन्धहरूको निर्माण, पतन एवं सुधार बारे जानकारी पाइन्छ (हिगेल, सन् १९८४) । यस प्रकार अन्तरसम्बन्ध र अन्तरनिर्भरताको समझ बढाउँदै मानिस र समाजलाई बुझाउने दर्पणको उपाधि पाएको इतिहासले वर्तमान बुझ्न र भविष्यलाई सही दिशा दिन मद्दत गर्ने भएकाले अत्यावश्यक विषय मानिएको हो ।

मानवीय सामाजिक व्यवहार सम्बन्धी जानकारीको भण्डार प्रदान गर्ने इतिहास तथ्याङ्कहरूमा विशेष निर्भर भएर बढ्ने वर्तमान मानवीय अवस्था, स्थिति एवं मुलुक शान्ति मार्गमा बढेको अवस्था समेतमा युद्ध, विद्रोहको मूल्याङ्कन गरी महत्त्वपूर्ण पाठ सिकाउने विधा हो । विगतका कार्य अनुभवहरूको बारेमा प्राप्त ज्ञान

एवं प्रचलित मान्यताहरूको विश्लेषण प्रयोग गर्दासम्म प्रतिभा, प्राविधिक नवप्रवर्तनको प्रभाव, पारिवारिक सामाजिक जीवनलाई आकार दिन विश्वासले खेल्ने भूमिका बोध गर्न सहज हुँदैन (कार, सन् १९९०) । आम निर्वाचन, अन्तर्राष्ट्रिय सम्बन्ध सेवामूलक संस्थाहरूका गतिविधि, क्रियाशीलता, अवस्था, उद्देश्य, सैन्य गठबन्धनहरू, मानवीय चाहना एवं गतिशीलता आदिको अध्ययन विश्लेषण ऐतिहासिक स्रोत साधन बिना सम्भव हुँदैन । हाम्रो सामाजिक जीवनको यथार्थ अवस्था चित्रण विश्लेषणका लागि विगतका तथ्याङ्कहरूको प्रयोगदेखि सामाजिक संरचना भित्रका विविध प्रजातिहरूको व्यवहार, चाहना समेटिएको अपरिहार्य खोजमा सबै भन्दा महत्त्वपूर्ण प्रमाणका रूपमा सेवा प्रदान गर्ने इतिहास मानिसलाई सामाजिक प्राणी बनाउन सघाउने ज्ञान हो (हिगेल, सन् २००७) । समाजको कार्य क्रियाशीलता बारे चिन्तन विश्लेषण गर्न नभई नहुने व्यापक प्रमाणिक अधार प्रदान गरी मानवीय जीवन सञ्चालनमा समाजको भूमिका प्रस्ट पार्ने इतिहास मानिस एवं समाज बुझ्न सघाउने महत्त्वपूर्ण विधा हो । इतिहासको अध्ययन बिना मानिस एवं समाजको अन्तरसम्बन्ध बोध गर्नै नसकिने भएकाले नभई नहुने विषय हो ।

भविष्यको सफलताका लागि आधार तयार गर्ने इतिहास मानिसलाई जानकारी प्रस्तुत गर्ने तरिका ध्यानपूर्वक विचार गर्न सक्षम बनाउने माध्यम पनि हो । यसले प्राप्त जानकारीको स्रोत एवं प्रभाव विश्लेषण गर्न सक्षम बनाएर प्राप्त हुने सन्दर्भ र वातावरणमा प्रतिबिम्बित गर्न आवश्यक सिप दक्षता विकास गराउँछ ( स्टर्न्स, सन् २०१४) । गम्भीर अध्ययनको विषयको स्थान पाएको इतिहास विगतले वर्तमानलाई निम्त्याउँदछ र भविष्य पनि त्यसैले बोध गराउँछ भन्ने तथ्यपरक ज्ञान दिने विषय हो । इतिहास विगतको तथ्य सङ्कलन मात्र नभएर समाज कसरी निर्माण, विकास र रूपान्तरण हुँदै गयो भन्ने प्रक्रियात्मक अध्ययन भएकाले जुन कुनै समयमा यस्तो किन र कसरी भयो भनी निर्क्यौल गर्न मार्ग दर्शन गर्ने विषय हो । समयको उत्पादन मानिने समाज कुनै निश्चित समयमा बनेर स्थिर रहने वस्तु नभई निरन्तर परिवर्तनशील हुन्छ भन्ने तत्वबोध इतिहासले मात्र गराउन सक्दछ । समयक्रममा विकसित भएका समुदायहरू जनजातीय अवस्थाबाट कसरी राज्यमा परिणत भई धार्मिक जातीय, वर्गीय पहिचान कायम गर्दै संविधान, कानुन, शिक्षा, धर्म आदि सामाजिक संरचना विकसित गर्न सफल भए भन्ने बोध गराउने इतिहास सामाजिक सङ्घर्ष एवं आन्दोलनको पृष्ठभूमि दिने विषय हो (मार्क्स र एङ्गल्स, सन् २०२४) । परिवर्तनका स्वरूप कारण बुझाउँदै सामाजिक मूल्य एवं चेतनाको विकासक्रम देखाउने र गल्तिहरूबाट सिक्न मौका दिई मानवीय पहिचान निर्माणको आधार बनाउने इतिहासले केवल के भयो भन्नेमा सीमित नरही किन भयो र हाम्रो समाजलाई त्यसले कसरी बदल्यो भन्ने प्रश्नको उत्तर खोज्न सक्ने बनाउँदछ । समाजलाई विगतको आधारमा भविष्य तर्फ हेर्न सक्षम बनाउने इतिहास समाज निर्माणको चेतनात्मक औजार भएकाले महत्त्वपूर्ण विषय हो ।

व्यक्तिगत र सामुहिक पहिचान निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्ने इतिहासले हामीलाई आफ्नो विगतको कथा बुझेर हालको अवस्था आँकलन गर्न बाटो देखाई भविष्यको दृष्टिकोण निर्माण गर्न मद्दत गर्दछ । वर्तमान संसारको थालनी कहिले, कहाँबाट कसरी भयो ? परिवार, समूह, संस्था र सम्पूर्ण देशहरू कसरी अस्तित्वमा आए ? विकास पथमा कसरी बढे ? किन विवाद युद्ध आदिको मार्ग ग्रहण गरियो ? कसरी एकता कायम राख्दै विकसित राष्ट्र बने ? आदि प्रश्नहरूको उत्तर पत्ता लगाउने प्रमाणहरू ऐतिहासिक तथ्याङ्कहरूमा मात्र पाइन्छन् (स्टर्न्स, सन् २०२१) । इतिहास लेखनलाई केवल तथ्यहरूको सङ्ग्रह नभई मानव अनुभवको पुनर्निर्माण मानेका ब्रिटिश लेखकले इतिहासकारले केवल घटनाहरू लेख्ने मात्र नभएर घटनामा संलग्न व्यक्तिहरूले के सोचिरहेका थिए ? किन सोचिरहेका थिए ? भन्ने कुरा पुनः अनुभव गर्ने जनाउँदै पुनर्निर्माणको

यहि प्रक्रियाबाट समाज एवं व्यक्तिको आत्म पहिचान हुने प्रस्ट्याएका छन् (कलिंगवुड, सन् १९४६) । पहिचान बोधका लागि विगतको विचार र अनुभूतिको समभ्क अत्यावश्यक हुने ठहऱ्याएका यिनले इतिहास नबुझी म नै किन हुँ भन्ने प्रश्नको उत्तर दिन नसकिने घटना, विकास, परिवर्तन किन भयो भन्ने बुझ्न नसकिने भनेका छन् । ऐतिहासिक ज्ञान बिना मानिसले आफू एवं समुदायको निर्णय मूल्य, सङ्घर्ष र उपलब्धिहरूको व्याख्या गरेर नैतिक र बौद्धिक आत्मछवि निर्माण गर्न नसक्ने हुन्छ । यस प्रकार विगतको पुनः विचार र पुनः अनुभव गर्ने प्रक्रिया सिद्ध भएको इतिहासबाट व्यक्ति एवं समाजले आफू को हो भन्ने गहन ज्ञान प्राप्त गर्न सक्ने भएकाले अत्यावश्यक विषय भएको हो ।

भूत, भविष्य र वर्तमानको सन्तुलनमा निर्भर हुने मानव जीवनमा भूतकालको साक्षी मानिएको इतिहास मानव समाजको थालनी, विकास, रूपान्तरण, क्रियाशीलता, उपलब्धि आदिलाई बुझ्न सहयोग पुऱ्याउने शास्त्र हो । समाज, राष्ट्र एवं मानव सभ्यता निर्माणको आधार प्रमाणित भएको इतिहासको अध्ययन बिना मानिस सक्षम, कर्मशील, राष्ट्रवादी नागरिक बन्न सक्दैन (ट्वेनवी, सन् १९६१) । समाजमा भएका सफल असफल अभ्यासहरू बारे जानकारी दिएर सामुहिक चेतना र राष्ट्रियता विकास गर्ने इतिहासले भविष्यका कार्यनीतिहरू निर्माण गर्न सन्दर्भ एवं शिक्षा प्रदान गरी भविष्य निर्माणको सही बाटो रोज्ने प्रेरणा दिई विगतका गल्तीहरू दोहोऱ्याउन नदिने परिवेश निर्माणमा सघाउ पुऱ्याउँछ । इतिहास अध्ययनले व्यक्तिगत जीवनमा चिन्तनशीलता र विश्लेषण क्षमता विकास गर्ने, आत्म पहिचानसँगै आत्मगौरव बढ्ने र विगतका नेतृत्व तहका क्रियाकलापदेखि युद्ध, सामाजिक आन्दोलन आदिबाट प्राप्त ज्ञानले नेतृत्व र निर्णय क्षमता विकास गरी समाज एवं राष्ट्र निर्माणमा योगदान दिन सक्ने बनाउँछ (थोर्प, सन् २०१६) । नागरिकहरूलाई साझा ऐतिहासिक सम्पदाको ज्ञान दिएर महत्त्व बोध गराई राष्ट्रिय एकताको दायरामा ल्याउने इतिहास साहसिक चेतना एवं समालोचनात्मक सोच जगाएर सत्य पत्ता लगाउँदै तथ्यहरूप्रति विवेकपूर्ण सोच विचार विकास गराउने विषय पनि हो । पारिवारिक पहिचान स्थापना एवं पुष्टि गर्ने शास्त्र मानिएको इतिहास राष्ट्रिय अनुभवका विशिष्ट विशेषताहरूलाई जोड दिई राष्ट्रिय कथा वा घटनाक्रमहरू स्पष्ट गर्ने राष्ट्रिय मूल्य मान्यता बोध गराउने र नागरिक स्तरमा राष्ट्रिय वफादारिताप्रति प्रतिबद्धताको भावना जगाउने विषय हो (स्टर्न्स, सन् २०१२) । राजनीतिक अस्थिरता, सामाजिक विभाजन, धार्मिक कट्टरता, आर्थिक असमानता आदि वर्तमान जगत्ले भोग्न बाध्य भएका समस्याहरूको समाधान खोजी सबल एवं आत्मनिर्भर समाज, राष्ट्र निर्माणमा लागिपर्न सक्ने बनाउन इतिहासकै गहिरो अध्ययन आवश्यकता पर्दछ ।

अनुसन्धान क्षमता, समीक्षात्मक दृष्टिकोण, सांस्कृतिक विविधताको स्वीकार्यता, भाषिक अभिव्यक्तिमा सुधार आदि गुण क्षमता भएका खण्डमा मानिस बौद्धिक व्यक्तित्वमा गनिने परिस्थिति बन्दछ । विद्यार्थी एवं अध्येतालाई अशल नागरिक बन्न आवश्यक सिप, ज्ञान, दक्षता प्रदान गर्ने भएकाले इतिहासलाई अत्यावश्यक अनिवार्य विषयको स्थान दिएको अमेरिकाले विद्यालय तहको पाठ्यक्रममा महत्त्वपूर्ण स्थान प्रदान गरेको छ ( स्टर्न्स, सन् २०२१) । नागरिकहरूलाई तटस्थता र कुटनीतिक समभ्कदारी, आर्थिक आत्मनिर्भरता, प्रजातान्त्रिक पद्धति प्रणालीप्रतिको प्रतिबद्धता आदिको आवश्यकता महत्त्व बोध गराएर अशल नागरिकको भूमिका निर्वाहका लागि सक्षम बनाउँछ । इतिहासमा समेटिएका व्यक्तिगत सफलता र नैतिकताका जीवन्त कथाहरू, पाठहरूले राष्ट्रिय पहिचान एवं वफादारीलाई प्रबर्द्धन गर्ने आशा गरिएको हुन्छ । सामाजिक जीवनमा रुमलिएर सीमित लक्ष्य लिएर क्रियाशील हुन चाहनेहरूलाई पनि साँघुरो लक्ष्य भन्दा बाहिरै रहेर नागरिकताको विकास गर्ने शास्त्रको भूमिका निर्वाह गर्दछ । मानिसलाई विगतको अध्ययन विश्लेषणको आवश्यक प्रयोगहरूमा फर्काएर

वास्तविक नागरिकताको जग बसाल्ने इतिहासले विश्वजगत्को सन्तोषजनक इतिहास एवं स्थितिका लागि धेरै दीर्घकालीन प्रयास र सङ्गठन आवश्यक पर्ने धारणा प्रस्ट पार्दछ । राष्ट्रिय-अन्तर्राष्ट्रिय संस्थाहरूको उदभव, विकास, परिवर्तन, रूपान्तरण आदिका समस्या एवं मूल्यहरू सहितको यथार्थ तथ्याङ्कन प्रस्तुत गर्ने भएकाले विश्व समुदायले एकअर्कासँग कसरी अन्तर्क्रिया गरेका छन् र केकस्ता परिणाम भोगेका छन् भन्ने प्रमाण स्पष्ट पार्ने इतिहासले जिम्मेवार नागरिक बन्न आवश्यक अन्तर्राष्ट्रिय र तुलनात्मक दृष्टिकोण प्रदान गर्दछ (हिगेल, सन् २००७) । केवल भूतकालको अध्ययन मात्र नगराई वर्तमानको मार्ग दर्शक बनेर भविष्यको योजनाकार समेतको भूमिका निर्वाह गर्ने इतिहास नागरिकहरूमा व्यक्तिगत चेतना, सामाजिक समृद्धि, राष्ट्रिय एकता, विश्वदृष्टिकोणको विकास गराउने विषय भएकाले यसको अध्ययन बिनाको समाज अन्धकारमा डुबेको अर्थात् विगतको ज्ञान एवं भविष्यको दिशा नभएको जस्तै हुन्छ ।

प्रत्येक समाज, राष्ट्रदेखि व्यक्तिसम्मलाई इतिहासको अध्ययन केवल रुचिको विषय नभएर उत्तरदायित्वको विषय हो भन्ने बोध गराउने इतिहास जाने बुझेको व्यक्ति विगतका गल्तीहरूबाट पाठ सिकेर वर्तमान सुधार्न र उज्यालो भविष्य निर्माण गर्न सक्षम हुन्छ । मानिसलाई राष्ट्रिय सामुदायिक नेता, एक सुचित मतदाता, एक निवेदक, एक साधारण पर्यवेक्षकका रूपमा जिम्मेवार सार्वजनिक व्यवहार गर्न सक्ने बनाउन आवश्यक महत्त्वपूर्ण मानसिक बानीहरूलाई प्रोत्साहन गर्ने जुन कार्य इतिहासले गर्दछ त्यो नै सबै भन्दा महत्त्वपूर्ण कार्य हो (बुरी, सन् २०२२) । नागरिकहरूको जीवन स्तरलाई प्रभाव पार्ने तत्कालीन, वर्तमान र सम्भावित परिवर्तनहरू कसरी देखा पर्दैछन् भन्ने तथ्यात्मक जानकारी बोध गराउने शास्त्र भएकाले इतिहास महत्त्वपूर्ण विषय हो ।

मानिसलाई मानवीय सभ्यता, संस्कार एवं संसारको यथार्थ बोध गराएर राष्ट्रवादी नागरिक तयार गर्ने विषय नै इतिहास हो । सर्वोत्कृष्ट सामाजिक प्राणीको स्थान पाएको मानिसलाई सच्चा राष्ट्रवादी नागरिक बनाउने इतिहासले वर्तमान एवं विगत बारे बोध गरेर विश्लेषणात्मक यथार्थ पत्ता लगाउन सक्ने बनाउनेदेखि आफ्नो मुलुकका रैथाने सिप, प्रविधि, स्रोत, साधन, सम्पदा आदिको ज्ञान दिएर महत्त्व बोध गराउने काम पनि गर्दछ । आफ्नो मुलुकको विकासक्रमको धरातलीय यथार्थ बोध गराउँदै गौरवशाली सर्वोत्कृष्ट सभ्यता, संस्कृति, परम्परा, आदर्शप्रति स्वाभिमान जगाएर रैथाने ज्ञान, स्रोत, साधन, सिप, राष्ट्र निर्माणमा योगदान दिएका व्यक्तिहरू आदि सर्वपक्षीय ज्ञान गराई राष्ट्र निर्माणमा समर्पित हुने भावना जगाउने भएकाले इतिहास राष्ट्रसेवकदेखि राजनेतासम्मले नपढी नहुने विषय हो (पाण्डेय, सन् १९९७; खुराना र वंशल, सन् २०२०) । मुलुकको सामाजिक संरचना, मौलिकता, सांस्कृतिक विविधता, ज्ञान सम्पदाको मूल महत्त्व, मौलिक सिप प्रविधि आदि बारे गहन रूपमा बोध गराउने इतिहास आत्म पहिचान गराएर सबल नागरिकका गुण पत्ता लगाउन सघाउने विषय हो । अतितका घटना एवं अनुभवहरूसँगै ज्ञान पद्धतिको स्मरण गराउने इतिहास राष्ट्रको आत्मबोध एवं पहिचानको प्रतिनिधित्व गर्ने विधा हो । यसले रैथाने ज्ञान अर्थात् स्थानिय, गौरव एवं आत्मविश्वास बढाउने जुन ज्ञान प्रदान गर्दछ त्यो नै राष्ट्रवादी चेतनाको जग हो (सिंह, सन् २००५; ब्रेइडलिड, सन् २०१३) । रैथाने ज्ञान, सिप, प्रविधि, परम्परा, कला, संस्कृति आदिको संरक्षण, प्रयोग र हस्तान्तरणको स्रोत प्रमाणित भएको इतिहास समाज विज्ञानको महत्त्वपूर्ण विधा हो ।

मानवीय समाजको स्थापना, विकास र रूपान्तरणका महत्त्वपूर्ण अवयवहरूका रूपमा चिनिने रैथाने ज्ञान, सिप, प्रविधि लगायतको उत्पत्ति, विकासक्रम सामाजिक स्वीकृति, प्रयोग एवं परिणाम आदिबारे उजागर गर्ने विषय नै इतिहास हो । कुनै पनि मुलुकको विकास, उन्नती, अवनती आदिका पछाडि देशको गतिशीलता

स्रोत साधन, हावापानी, परम्परागत रैथाने प्रयोग प्रचलन आदिको यथार्थ धरातल अनुरूप बनाएर कार्यान्वयनमा ल्याएका योजनाहरूले ल्याउने परिणामको आँकलनदेखि आधुनिकताको लहर प्रभावमा परेर हराउँदै गएका र ओझेलमा परेका रैथाने सिप, ज्ञान, प्रविधि संरक्षण गर्ने प्रेरित गर्ने काम पनि इतिहासले नै गर्दछ (मोजेके, सन् २००२) । हाम्रा पुर्खाहरूले कसरी वातावरण र अवस्थासँग मिलेर जुधेर जीवन यापन गर्ने, प्राकृतिक स्रोत साधनहरूको प्रयोग गर्ने र सामाजिक सञ्जाल तयार पार्दथे आदि ज्ञानहरू वर्तमान परिवेशमा पुनः प्रयोग गरेर जीवन सहज एवं प्रभावकारी बनाउन सकिने अमूल्य स्रोत हुन् (रोबर्ट, सन् २०००; डनबार-ओर्टिज, सन् २०२४) । नयाँ पुस्तालाई आफ्नो मौलिकता पहिचानको बोध गराएर रैथाने ज्ञान एवं सम्पदाप्रति गर्व, जिम्मेवारी र प्रयोग गर्ने चेतनाको जागृति पनि इतिहासले नै गर्दछ । रैथाने ज्ञान, सिप, प्रविधिको संरक्षण एवं प्रयोगले मुलुकलाई परनिर्भरताको स्थितिबाट हटाएर आत्मनिर्भरताको दिशा तर्फ बढाउन सकिने आधार प्रदान गर्ने यथार्थ बोध गराएर राष्ट्रवादी नागरिक तयार पार्ने भएकाले इतिहास मानव मात्रले अध्ययन नगरी नहुने विषय हो ।

मानव सभ्यताको उत्थान, विकास, रूपान्तरण एवं पतनका असंख्य कथाहरू र किंवदन्तीहरूको सङ्ग्रहबाट राष्ट्रहरूको निर्माण हुने भएकाले इतिहास राष्ट्र नायक, देशभक्त, महापुरुषहरू आदिको यथार्थ जानकारी उपलब्ध गराउने विषय मानिन्छ । प्रेरणादायी, उत्थानदायी घटनाक्रमहरूको भण्डार प्रमाणित भएको इतिहास दुःख एवं त्रासदीको अवधिदेखि विजय, आनन्द, हर्ष उल्लास हुँदै निर्माण, विकाससम्मकै विषयवस्तुहरूमा भूमिका निर्वाह गरेका महापुरुष देशभक्तहरूको पहिचान गराएर राष्ट्रवादी भावनाको जागरण गराउने महत्त्वपूर्ण समाज विज्ञान हो (फ्रान्क, सन् २०११; स्टर्न्स, सन् २०२१) । नागरिकहरूले आफ्ना पूर्वजहरूले राष्ट्र निर्माण एवं सामाजिक राजनैतिक रूपान्तरणमा पुऱ्याएको योगदान थाहा पाएपछि गौरव गर्ने परिवेश निर्माण हुन्छ । राष्ट्र निर्माण क्रममा नायकहरूले गरेका कार्य, जनतासँग मिलेर दिएको नेतृत्व सहयोगदेखि युद्ध, एकता, बलिदान एवं दमनका घटनाक्रम र परिस्थितिहरू बोध गराउँदै इतिहासले व्यक्ति एवं समाजलाई राष्ट्रप्रतिको भावनात्मक, बौद्धिक र नैतिक सम्बन्धमा बाँध्दछ (चाङ, सन् २००२) । राष्ट्र निर्माता-सुधारक आदिका कार्य बुझेपछि राष्ट्रको स्वाभिमान, सार्वभौमिकता, विकास, सुधार आदिमा सहभागी हुने भावनाको जागरणसँगै सहिष्णुता, सम्मान र एकताको मार्ग चयन गर्ने प्रेरणा जाग्दछ (स्ट्यानफोर्ड, सन् १९९८) । आफ्ना मुलुकप्रति आफ्नो कर्तव्य बोध भएपछि विदेशी हस्तक्षेप लगायतबाट राष्ट्रलाई कमजोर बनाएको थाहा पाएका नागरिकहरूमा सावधानी र सजगता आउँदछ । राष्ट्र हित विरुद्धका गतिविधिहरू बुझ्न सक्ने भएपछि प्रतिक्रियाशील बन्ने नागरिकहरूमा राष्ट्र निर्माण र रक्षा गर्ने चेतनाको जागरण हुन्छ । तब मात्र राष्ट्रको वर्तमान र भविष्य निर्माणमा सक्रिय भूमिका खेल्ने क्षमताको प्रस्फुटन हुन्छ । यस प्रकार नागरिकहरूलाई राष्ट्र निर्माण र रक्षा गर्ने चेतनाको आधार प्रदान गरी साँचो राष्ट्रवादी व्यक्तित्वको धनि बनाउने भएकाले इतिहास मानव जगत्ले अध्ययन नगरी नहुने विषय हो ।

आदिम कालदेखि वर्तमान अवस्थासम्म आइपुग्दा मानिसले भोगेका विषयवस्तु त्रासदीदेखि निर्वाह गरेका भूमिका एवं गरेका प्रगति-विनास आदिको अन्वेषण-विश्लेषण गरिएको समग्र अध्ययन गराउने इतिहास मानिसलाई प्रेरणादायक कार्य गर्ने भावना क्षमता विकास गराउने विषय हो । समाज, संस्कृति, राजनीति र नेतृत्वका मूल्यहरू बुझ्ने सशक्त माध्यम मानिएको इतिहासले प्रतिभाशाली, क्षमतावान, राष्ट्रवादी, इमान्दार व्यक्तिहरूको कार्यभूमिका बोध गराउँछ (कोरफिल्ड, सन् २००७) । जसबाट राष्ट्र निर्माण, विकास, रूपान्तरण, विस्तार लगायतमा परेको प्रभाव बोध गराउँदै वर्तमान अवस्था स्थिति सम्बन्धी प्रेरणादायी घटना-

विषयवस्तुहरू बुझाएर राष्ट्र सेवकको कर्तव्य बोध गर्ने स्थितिको विकास हुन्छ । ऐतिहासिक व्यक्तित्वको जानकारीदेखि घटनाक्रमसम्मका विषयवस्तुहरूको अध्ययनबाट बालबालिकाको कल्पनाशक्ति तिखार्ने, निखार्ने कार्यसँगै राष्ट्र निर्माणमा निस्वार्थ भावले लाग्नै पर्दछ भन्ने प्रेरणा प्राप्त हुने भएकाले महत्त्वपूर्ण अत्यावश्यक विषय मानिएको हो ।

अत्यन्त गुढ एवं रोचक विषयका रूपमा स्वीकार गरेर पाश्चात्य शिक्षामा अनिवार्य विषयको स्थान दिइएको इतिहास समाज एवं राष्ट्रको अस्तित्व बोध नै मानिन्छ । इतिहासको बोध बिना कुनै पनि ज्ञान परिपूर्ण नहुने यथार्थ विश्लेषण गर्दा व्यष्टि र समष्टिका लागि समान रूपले इतिहास बोध नगरेको व्यक्ति सच्चा राष्ट्र सेवक पनि बन्न सक्दैन (सिंह, सन् २००५) । विगतका सफल असफल नीतिहरू, निर्णयहरू, तिनको परिणाम वा प्रभावहरू आदि बोध गरेर समय अनुकूल सटिक र उपयुक्त निर्णय गर्न सक्ने क्षमता विकास गर्ने इतिहास सजगता र सन्दर्भ बोधको माध्यम पनि हो । राष्ट्र सेवकका लागि अत्यावश्यक ठहरिएको उक्त ज्ञान दिएर शासन प्रणाली, सामाजिक परिवर्तन, कानुनी विकास र नीति निर्माण प्रक्रियाको नालीबेली बुझाएर राष्ट्र सेवकलाई गहन सोचसहित योजना निर्माण गर्न सक्षम बनाउने शास्त्र हो (जेसपर्स, सन् २०११) । राष्ट्र निर्माण एवं जनकल्याणमा समर्पित भएका नायक एवं राष्ट्रवादी व्यक्तित्वहरूको जीवन त्याग, समर्पण, योगदानबाट प्रेरणा पाएका व्यक्तिहरूमा इमान्दारिता, कर्तव्यनिष्ठता, सेवा भाव आदि असल राष्ट्र सेवकमा नभई नहुने गुण एवं भावको विकास हुन्छ । जसले गर्दा राष्ट्रप्रति गर्व र उत्तरदायित्वको भावना जागृत भई स्वार्थ भन्दा माथि उठेर राष्ट्र हितमा काम गर्ने सोच विकसित भएर सबल राष्ट्र सेवकको भूमिका निर्वाह गर्न सक्ने क्षमताको निर्माण हुन्छ (ब्राइली, सन् १९८२) । नागरिकहरूमा विविधता र सहिष्णुताको ज्ञान गर्ने क्षमता विकास गराउने इतिहासले विभिन्न धर्म, संस्कृति, जाति, समुदाय आदिको योगदान सङ्घर्ष बुझ्न सहयोग गरी समावेशी दृष्टिकोण राख्नुपर्ने आवश्यकता बोध गराउँछ । यस प्रकार बौद्धिक चेतना, नैतिक दृढता, समर्पणको भावना विकास गराउने इतिहासले स्रोत साधनका साथै यथार्थताको धरातल बुझेर काम गर्ने बानी र सिप विकास गराउने भएकाले सक्षम र इमान्दार राष्ट्र सेवक तयार पार्ने विषय मानिन्छ ।

राष्ट्र निर्माण, स्थायित्व एवं सबलताको आधार पनि मानिएको इतिहास सफल योजनाविद्, सुरक्षाविद्, कुटनीतिज्ञ तयार पार्ने विषय पनि हो । सामरिक रणनीति एवं युद्ध विधा वा युद्धकला नबुझेको मानिस सफल सुरक्षाविज्ञ बन्न सक्दैन । पुराना युद्ध, सङ्घर्ष, सैन्य रणनीति, नेतृत्व शैलीहरू, राजनीतिक परिवर्तनका लागि भएका आन्दोलन आदि बोध गरी वर्तमान स्थिति र अवस्थाका खतराहरू विश्लेषण गर्न सघाउने इतिहास आन्तरिक द्वन्द्व र अस्थिरता बुझ्न सक्षम बनाउने विश्लेषणात्मक अध्ययन हो (सन्तायन, सन् २०१७) । जातीय, धार्मिक, भाषिक, राजनीतिक लगायतका कारणहरूबाट भएका विद्रोह-अस्थिरताको अध्ययन गराउँदै राजनीतिक भूगोल एवं अन्तर्राष्ट्रिय सम्बन्धको ज्ञान दिने इतिहास सुरक्षा नीति तर्जुमा लगायतलाई लाभदायक हुने मार्ग प्रदान गर्ने अनुसन्धानात्मक ज्ञान हो । देशको भौगोलिक, सामरिक, वैदेशिक, प्राकृतिक अवस्था र स्थितिको यथार्थ गराउने यो विषय विदेश नीति, छिमेकीसँगको सम्बन्ध एवं शक्ति सन्तुलनको जटिलता बुझाउने शास्त्र पनि हो । आजका हिंसात्मक आन्दोलनहरू, आतङ्कवादी समूहका उत्पातहरू प्रायः गरेर ऐतिहासिक अन्याय, उपेक्षा, भेदभावको प्रवृत्ति, विभाजनको स्थिति आदिले गर्दा उत्पन्न भएको तथ्य बुझाएर इतिहासले समाधानको बाटो पनि देखाइदिन्छ (पपर, सन् २०२०) । सुरक्षाका नाममा गरिने अत्यधिक कडाई एवं दमनले मानव अधिकारको उल्लङ्घन गर्ने स्थिति उत्पन्न गराउने र ऐतिहासिक अन्याय एवं युद्धहरूले जनमानसमा डर, घृणा वा प्रतिरोधको भावना भरिदिने यथार्थ पनि इतिहासले नै बोध गराउँदछ । राष्ट्रको

सुरक्षा विज्ञ बनेर महत्त्वपूर्ण र प्रभावकारी भूमिका निर्वाह गर्न चाहनेहरूलाई अत्यावश्यक नै हुने उल्लेखित सिप, ज्ञान, मनोवृत्ति सहितको क्षमता जगाएर प्रभावकारी सुरक्षा नीति, रणनीति निर्माण, जोखिमको पहिचान, दीर्घकालीन समाधान गर्न मद्दत गर्ने भएकाले इतिहास अत्यावश्यक विषय हो ।

मानिसलाई विगतका घटनाक्रमहरूको सूक्ष्म विश्लेषण गरी कमी कमजोरी पत्ता लगाएर सबल योजना निर्माण गर्नेदेखि प्रतिनिधित्वका हरेक क्षेत्रमा गहकिलो भूमिका निर्वाह गर्न सक्षम बनाउने इतिहास क्षमतावान दुरदर्शी राजनीतिज्ञ तयार पार्ने विधा हो । विभिन्न राजनीतिक व्यवस्था र तिनका सफलता असफलतासँगै सामाजिक आन्दोलन एवं सत्ता पलटका विविध आयाम स्वरूप बारे विश्लेषण गराएर प्राप्त ज्ञानद्वारा राजनीतिज्ञहरूलाई विवेकपूर्ण निर्णयका लागि सहयोग गर्दछ । युद्ध, कुटनीति, सामाजिक परिवर्तनका प्रसङ्ग अध्ययन गराएर वर्तमान चुनौतीलाई ऐतिहासिक सन्दर्भमा मूल्याङ्कन गर्न सक्ने क्षमता विकास गराउने इतिहासले राजनीतिज्ञहरूमा नभई नहुने रणनीतिक सोच एवं समाजको विगत बोध गरी भविष्यका योजना निर्माण गर्ने दक्षताको विकास गर्दछ (त्रिरत्न मानन्धर, अन्तर्वार्ता, २०८१ भाद्र १५; टेकबहादुर श्रेष्ठ, अन्तर्वार्ता, २०७५ चैत्र २७) । राष्ट्रिय-अन्तर्राष्ट्रिय सम्बन्धका अनुभवहरूको ज्ञान दिएर राजनैतिक वार्ता, सहकार्य र सङ्घर्ष समाधानका लागि तयार पार्ने इतिहास जनताका सङ्घर्षको यथार्थ बुझ्न सहयोग पुऱ्याउँदै नेतृत्व वर्गलाई राष्ट्रियता, सांस्कृतिक सम्पदा, जनचाहना बुझेर क्रियाशील हुने जिम्मेवार राजनेताको भूमिका निर्वाह गर्न मद्दत गर्ने ज्ञान हो (म्याकक्लेल्याण्ड, सन् १९९६) । जनचेतना विकास विस्तार र रूपान्तरणको यथार्थ बोध गराउने इतिहास राजनीतिज्ञलाई जनतासँग संवाद गरी समस्याको हल निकाल्न सक्षम बनाउने र आन्तरिक एवं बाह्य नीतिको धरातलीय यथार्थ बुझेर कदम चाल्न सक्षम बनाउने विषय पनि हो (हेनरी, सन् २०१९) । इतिहास पढेको व्यक्तिले विगतका सफल असफल नेतृत्वशैली आदिबाट पाठ सिकेर वर्तमानमा विवेकपूर्ण, दुरदर्शी राजनीति गर्न सक्ने भएकाले महत्त्वपूर्ण विषय हो ।

मानवीय क्षमता तिखार्ने इतिहास सभ्यता संस्कृतिको पहिचानसँगै मानव जगत्को उन्नती अवनतिको यथार्थ चिहाउने आँखिझ्याल हो । मानव सभ्यताको थालनीदेखि रूपान्तरणसम्मको सर्वपक्षीय ज्ञान दिएर राष्ट्र निर्माणमा समर्पित दक्ष नागरिक तयार पार्ने र फराकिलो दृष्टिकोण राखेर क्रियाशील हुने आधार बनाउने इतिहास अध्ययन गरेको व्यक्ति अभिलेखालय, परराष्ट्र सेवा, जनसम्पर्क निर्देशनालय आदि महत्त्वपूर्ण निकायको योग्य मानवस्रोत बन्न सक्दछ (घनश्याम भट्टराई, अन्तर्वार्ता, २०८१ साउन ८; कृष्णबहादुर थापा, अन्तर्वार्ता, २०८१ साउन ८) । देशको अवस्था र आवश्यकता बोध गरी गतिशील भएर योजना तर्जुमा कार्यान्वयन गर्ने योजनाविद्, कुशल प्रशासक एवं राष्ट्रवादी नागरिकको भूमिका निर्वाह गर्न मार्ग दर्शन गर्ने भएकाले इतिहास महत्त्वपूर्ण विषय हो (राजाराम सुवेदी, अन्तर्वार्ता, २०८१ भदौ २७) । मानवीय संसार बुझ्न मद्दत गर्ने इतिहास ऐतिहासिक ज्ञान नभएकाहरूलाई पनि हाम्रो संसार यस्तो छ भने व्याख्या गर्न मद्दत गर्ने अनुशासन पनि मानिन्छ । समाजहरूले विकास रूपान्तरण एवं परिवर्तनका लागि कसरी काम गर्दछन् भन्ने चिन्तन विश्लेषणका लागि एकमात्र व्यापक प्रामाणिक आधार प्रदान गर्ने इतिहासले मानवीय जीवन सञ्चालनका लागि समाजहरूले गर्ने कार्यलाई तरिका सहित प्रस्ट पार्दछ (स्टर्न्स, सन् २०१०) । विश्वजगत्देखि कुनै राष्ट्र एवं समाजको वर्तमान अवस्था स्थिति सिर्जनाको यथार्थ विवरण प्रस्ट पार्ने इतिहास अनेकौं गतिविधि र मोडहरूको समष्टिगत अध्ययन हो । जुन कुनै मानव समाजले भोगेका समस्याहरू एवं प्राप्त उपलब्धिहरूको अभिलेखद्वारा भावी सन्ततिलाई विगतको यथार्थ बोध गराउने महत्त्वपूर्ण विधा मानिएको इतिहास समाज र देशको व्यक्तित्व पनि हो । मानिसलाई सामाजिक, सांस्कृतिक पहिचान निर्माण तर्फ लाग्न

प्रेरणा दिई विवेकपूर्ण निर्णय गर्न सहयोग पुऱ्याउने, सामाजिक एकता र समानताको बोध गराएर उत्तरदायित्वको भावना विकास गर्ने, राष्ट्रको प्राथमिकता, कमजोरी, आवश्यकता पहिचान गर्न सक्ने बनाउने इतिहास जीवन्त मार्ग दर्शक पनि हो । नीति निर्माण एवं दीर्घकालीन योजना निर्माणमा ठोस आधार प्रदान गरी व्यक्तिलाई आफू, समाज एवं राष्ट्र बुझ्न सक्ने बनाउने भएकाले समग्र मानव समाजकै लागि अध्ययन गर्नै पर्ने अत्यावश्यक विषय हो । इतिहासको अध्ययन बिना राष्ट्रवादी नागरिक उत्पादन गर्नेदेखि मानव सभ्यता बुझेर गतिशील हुने तथ्य बोध गर्नै नसक्ने भएकाले हरेक राष्ट्रले ज्ञानको मूल केन्द्र मानेर शिक्षानीति बनाउनु पर्दछ ।

## निष्कर्ष

इतिहास विगतको अध्ययन विश्लेषण गराउने पुरातन विषय मात्र नभई समाजको सामुहिक चेतना, मूल्य र भविष्यदृष्टिको निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने सशक्त उपकरण हो । मानव समाजको बौद्धिक, सामाजिक र सांस्कृतिक रूपान्तरणको मूल आधार भएकाले इतिहास मानव जगत्ले अध्ययन गर्नै पर्ने विषय हो । विगत बोध गर्न र त्यसबाट वर्तमानका चुनौतीहरूको जड पहिल्याउन अत्यन्त आवश्यक रहेको इतिहास अध्ययनले विगतका घटनाहरूको विवरण विश्लेषण गराएर वर्तमान सामाजिक संरचना, मूल्य, पद्धति र राजनीतिक व्यवहारप्रति आलोचनात्मक दृष्टकोण निर्माण गरी भविष्यको मार्ग निर्देशन गर्दछ । नेपाली समाजमा पाश्चात्य शिक्षाको प्रभाव, राज्यको कमजोरी नीति, शिक्षा प्रणालीमा भएको बेवास्ता, रैथाने ज्ञान, सिप, प्रविधि, परम्परा आदि उपेक्षा गरिएका पाठ्यक्रम आदिले गर्दा इतिहास अध्ययनको उपेक्षा बढ्दै गएको छ । देशलाई आत्मनिर्भर एवं सबल बनाउन विद्यमान चुनौतीहरूको समाधान गर्नै पर्ने भएकाले शिक्षा नीति, पाठ्यक्रम विकास र सार्वजनिक चेतनाको केन्द्रमा इतिहास अध्ययनलाई ल्याउनु अपरिहार्य देखिन्छ । समग्रमा इतिहास अध्ययनलाई शैक्षिक अभ्यासका रूपमा मात्र नभएर राष्ट्रिय पुनर्जागरणको उपकरणका रूपमा लिइनुपर्दछ । देशको विद्यालयदेखि विश्वविद्यालयसम्मै इतिहासको गहिरो अध्ययन, बहुस्रोतको प्रयोग र विश्लेषणात्मक एवं आलोचनात्मक सोच विकास गर्ने खालका पद्धतिहरू अपनाएर मात्र इतिहास अध्ययनको सार्थकता स्थापित गर्न सक्ने भएकाले हरेक नेपालीको ध्यानाकर्षण आजको आवश्यकता हो । चेतना भया ।

## सन्दर्भ सामग्रीहरू

अहल्स्कोग, जोनास (जनवरी २०१८). *दि आइडिया अफ फिलोसोफी अफ हिष्ट्री.* रिथिङकिङ हिष्ट्री. २२:१. ८६-१०४ ।

इल्टन, जेफ्री रुडोल्प (सन् २००२). *दि प्राक्टिस अफ हिष्ट्री.* विलि-ब्ल्याकवेल ।

कलिंगवुड, रोविन जर्ज (सन् १९४६). *दि आइडिया अफ हिष्ट्री.* अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

कार, इडवर्ड थ्यलोट (सन् १९९०). *ह्वाट इज हिष्ट्री.* पेनगुइन बुक्स लिमिटेड ।

कियरर, रोविन वाल (सन् २०१३). *ब्रेन्डिङ स्विटग्रास : इन्डिजिनियस विसडम, साइन्टिफिक नलेज एण्ड दि टिचिङ अफ प्लान्टस.* मिल्कविड इडिसन्स ।

कोरफिल्ड, पिनिलोप जाने (सन् २००७). *टाएम एण्ड दि सेप अफ हिष्ट्री.* येल युनिभर्सिटी प्रेस ।

गेट्स, हेनरी लुइस (सन् २०२१). *दि ब्लाक चर्च दिस इज आवर स्टोरी दिस इज आवर सङ.* पेनगुइन प्रेस ।

चतुर्वेदी, ए.के. (अजित कुमार) (सन् २०२२). *हिष्ट्री.* एसबिपिडि पब्लिकेसन्स ।

चाङ, गोर्डन एच. (हासियो-सु) (सन् २००२). *एसियन अमेरिकन्स एण्ड पोलिटिक्स : प्रस्पेक्टिभ्स एक्सपेरियन्सेस प्रोस्पेक्टस.* स्ट्यानफोर्ड युनिभर्सिटी प्रेस ।

चौवे, झारखण्ड (सन् २०१७). *इतिहास दर्शन.* विश्वविद्यालय प्रकाशन ।

जेसपर्स, कार्ल (सन् २०११). *दि ओरिजन एण्ड गोल अफ हिष्ट्री.* रौटलेज ।

जैसवाल, रमा (सन् २०१८). 'इतिहास अर्थ, महत्त्व एवं प्रकृति'. मदनमोहन जोशी (सम्पा.). *इतिहास लेखन.* उत्तराखण्ड मुक्त विश्वविद्यालय. १-४ ।

जोनसन, हेनरी (सन् १९२१). *टिचिङ अफ हिष्ट्री इन इलिमेन्टरी एण्ड सेकेण्डरी स्कुलस.* दि म्याकमिलन कम्पनी ।

जोन, ब्रुइली (सन् १९८२). *नेशनलिज्म एण्ड दि स्टेट.* युनिभर्सिटी अफ सिकागो प्रेस ।

टोयनबी, आरनोल्ड जे. (जोसेफ). *अ स्टडी अफ हिष्ट्री.* अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

डनबार-ओर्टिज, रोक्सेन (सन् २०१४). *एन इन्डिजिनियस पिपुल्स हिष्ट्री अफ दि युनाइटेड स्टेटस.* बेकन प्रेस ।

डे, मार्क (सन् १९८७). *दि फिलोसोफी अफ हिष्ट्री.* ओटोसेक्सन ।

तामिर, मायल (सन् १९९३). *लिवरल नेशनलिज्म.* प्रिन्सटोन युनिभर्सिटी प्रेस ।

थ्रोप, रोबोर्ट (सन् २०१६). *युजेज अफ हिष्ट्री इन हिष्ट्री एजुकेशन.* उमेआ युनिभर्सिटी एण्ड डालार्ना युनिभर्सिटी ।

पाण्डेय, ललितप्रसाद (सन् १९९७). *भारतीय इतिहास दर्शन.* अक्षयवट प्रकाशन ।

नौटियाल, विकास (सन् २०२३). *इतिहास दर्शन एवं लेखन.* लिटरेरी सर्कल ।

पोपर, कार्ल आर. (राममुण्ड) (सन् १९५७). *दि पोभर्टी अफ हिष्टोरिसिज्म.* रौटलेज ।

फर्थ, चार्ल्स (सन् २०१३). *अ कमेन्ट्री अफ मकाउलेज हिष्ट्री अफ इंगल्याण्ड.* हेस्पेराइड्स प्रेस ।

फ्रान्क, मार्कस (सन् २०११). *वार एण्ड नेशनलिज्म इन साउथ एशिया.* रौटलेज ।

बर्ग, क्रिष्टोफर (अगस्त २०१९). 'ह्वाइ स्टडी हिष्ट्री ? एन एक्जामिनेशन अफ अण्डरग्रयाजुएट स्टुडेन्टस, नेशन्स एण्ड प्रसेप्सन्स एबाउट हिष्ट्री'. *हिष्ट्रोरिकल इनकाउण्ट : अ जर्नल अफ हिष्ट्रोरिकल कन्सिकुइन्सेस, हिष्ट्रोरिकल कल्चर्स एण्ड हिष्ट्री एजुकेशन.* ६(१). पृ. ५४-७१ ।

बुरी, जोन ब्याग्नेल (सन् २०२२). *हिष्ट्री अफ दि फ्रिडम अफ थट.* डिजिक्याट ।

बुरी, जोन ब्याग्नेल (सन् २०२४). *दि आइडिया अफ प्रोग्रेस.* डबलनाइन बुक्स ।

ब्रेइडलिड, एण्डर्स (सन् २०१३). *एजुकेशन, इन्डिजिनियस नलेज एण्ड डेभलपमेन्ट इन दि ग्वोवल साउथ कन्टेस्ट्रि नलेजस फर अ सस्टेनेवल फिउचर.* रौटलेज ।

माथुर, एस.के. (ससी किप्न) एण्ड त्रिपाठी, डि.सी. (दुर्गेशचन्द) (सन् २०१७). *इतिहास लेखनकी अवधारणा एवं आधुनिक विचारधाराएँ.* रिसर्च पब्लिकेसन्स ।

माजेके, ए.एम.एस. (सन् २००२). 'टुवार्डस अ कल्चर वेस्ट फाउण्डेशन फर इन्डिजिनियस नलेज सिस्टम्स इन दि फिल्ड अफ कस्टम एण्ड ल'. क्याथरिन आलोरा होपर्स (सम्पा.). *इन्डिजिनियस नलेज एण्ड दि इन्टिग्रेसन अफ नलेज सिस्टम्स टुवार्डस अफ फिलोसोफी अफ आर्टिकुलेशन.* न्यू अफ्रिका बुक्स ।

मार्क्स, कार्ल एण्ड एङ्गल्स, फ्रेडरिक (सन् २०२४). *दि कम्युनिष्ट मेनिफेस्टो : अ रोडम्याप टु हिष्ट्रीज मोस्ट इम्पोर्टेन्ट पोलिटिकल डकुमेन्ट.* हेमार्केट बुक्स ।

मुरे, पिनिलोप (सन् १९९१). *जिनियस हिष्ट्री अफ एन आइडिया.* विली ब्ल्याकवेल ।

मुरे, माइकल (सन् १९७०). *मोडर्न फिलोसोफी अफ हिष्ट्री : इट्स ओरिजन एण्ड डिस्टिनेशन.* स्प्रिंगर ।

म्याकक्लेल्याण्ड, जे.एस. (सन् १९९६). *अ हिष्ट्री अफ वेस्टर्न पोलिटिकल थट.* रौटलेज ।

ऱ्यापसन, इ.जे. (इडवर्ड जेम्स) (सन् १९२२). *दि क्याम्ब्रिज हिष्ट्री अफ इण्डिया.* भो. १. क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

लेमोन, एम.सी. (मिक) (सन् २००३). *फिलोसोफी अफ हिष्ट्री.* रौटलेज ।

लरेन्स, फ्रिडमेन (सन् २०१५). *स्ट्राटेजी अ हिष्ट्री.* अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

वाल्स, डब्लु.एच. (विलियम हेनरी) (सन् २०२१). *दि फिलोसोफी अफ हिष्ट्री एन इन्ट्रोडक्सन.* एल.जी. पब्लिसर्स डिस्ट्रिव्युटर्स ।

वेस्टहेमर, जोएल एण्ड कान्हे, जोसेफ (सन् २००४). *एजुकेशन दि गुड सिटिजन : पोलिटिकल च्वाइसेस एण्ड पेडागोजिकल गोल्स.* रौटलेज ।

वुल्फ, रोवर्ट (सन् २००१). *ओरिजनल उइसडम स्टोरिज अफ एन एनसियन्ट वे अफ नोइङ.* इनर ट्रेडिसन्स ।

सान्तायन, जर्ज (सन् २०१७). *दि लाइफ अफ रिजन दि फेज अफ ह्युमन प्रोग्रेस.* प्रभात प्रकाशन ।

स्ट्यानफोर्ड, माइकल (सन् १९९८). *इन इन्ट्रोडक्सन टु दि फिलोसोफी अफ हिष्ट्री.* विलि ब्ल्याकवेल ।

स्टर्न्स, पिटर नथानियल (सन् २०१०). *वर्ल्ड हिष्ट्री.* रौटलेज ।

स्टर्न्स, पिटर नथानियल (सन् २०१०). *ग्लोबलाइजेसन इन वर्ल्ड हिष्ट्री.* रौटलेज ।

स्टर्न्स, पिटर नथानियल (सन् २०१२). *ह्युमेन राइट्स इन वर्ल्ड हिष्ट्री.* रौटलेज ।

स्टर्न्स, पिटर नथानियल (सन् २०१४). *वर्ल्ड हिष्ट्री इन ब्रिफ मेजर प्याट्रन्स अफ चेन्ज एण्ड कन्टिन्युटी.* पियर्सन ।

स्टर्न्स, पिटरनाथानियल (सन् २०२१). *वर्ल्ड पास्ट टु वर्ल्ड प्रिजेन्ट अ स्केच अफ ग्लोवल हिष्ट्री.* रौटलेज ।

सिंह, परमानन्द (सन् २००५). *इतिहास दर्शन.* मोतिलाल बनारसीदास पब्लिसर्स ।

हिर्चजेआर, इडवर्ड डोलनिक (सन् २००९). *दि मेकिङ अफ अमेरिकन्स : डेमोक्रेसी एण्ड आवर स्कुल्स.* येल युनिभर्सिटी प्रेस ।

हुइजिङ्गा, जोन (सन् १९९६). *दि अटुमन अफ दि मिडिल एजस.* युनिभर्सिटी अफ शिकागो प्रेस ।

हेगेल, जर्ज विल्हेम एरिड्रिच (सन् १८९९). *दि फिलोसोफी अफ हिष्ट्री.* दि कोलोनियल प्रेस ।

हेगेल, जर्ज विल्हेल्म एरिड्रिच (सन् १८९४). *लेक्चर्स अन दि फिलोसोफी अफ हिष्ट्री.* जर्जवेल एण्ड सन्स इटिसी ।

हेरोडोटस (सन् २००३). *दि हिष्ट्रोरिज.* पेनगुइन क्लासिक ।

हेरोडोटस (सन् २००३). *अन दि वार अफ ग्रिक फ्रिडम सेलेक्सन फ्रम दि हिष्ट्रोरिज.* ह्याकेट पब्लिसिं कम्पनी ।

हेनरी, साइमन रिड (सन् २०१९). *एम्पाएर अफ डेमोक्रेसी.* साइमन एण्ड सुस्टर ।

होपर्स, क्याथरिन आलोरा (इडि) (सन् २००२). *इन्डिजिनियस नलेज एण्ड दि इन्टिग्रेसन अफ नलेज सिस्टम्स टुवार्डस अ फिलोसोफी अफ आर्टिकुलेसन.* न्यू अफ्रिका बुक्स ।